२०८१ सालको कार्यविधि नं. ४

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ | संख्याः ४ | मितिः२०८१।०२।०४

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**हेटौंडा उपमहानगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७९ को पहिलो संशोधन कार्यविधि, २०८१**

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७९ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि संशोधन गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम "हेटौंडा उपमहानगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७९ को पहिलो संशोधन कार्यविधि, २०८१" रहेको छ ।

२. **दफा १० को उपदफा १ को खण्ड ग संशोधनः** दफा १० को उपदफा (१) को खण्ड (ग) विपद्को घटनामा परी हाल बसोबास गरिरहेको घर पूर्ण रुपमा नष्ट भएमा वा नष्ट नभएतापनि

सम्भावित खतराबाट जोगिन सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्नु पर्ने भएमा त्यस्तो परिवारलाई प्रति परिवार रु.१ लाखसम्म राहत उपलब्ध गराउन सकिनेछ । तर अर्को स्थानमा बसोबास गर्ने घर नभएको अवस्था भएमा मात्र यस्तो राहत रकम उपलब्ध गराइनेछ । साथै यस खण्डमा जुनसुकै कुरा लेखिएको भएता पनि विपद्को कारणबाट भएको क्षतीको मूल्याङ्कन र व्यक्ति/परिवारको आर्थिक अवस्था समेतलाई मध्यनजर गरी त्यस्ता व्यक्ति/परिवारलाई थप १ लाख गरी २ लाखसम्म राहत उपलब्ध गराउन सकिनेछ ।

**आज्ञाले**
**रामबाबु पुरी**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र